**प्रस्तावहरुः-**

२०७८।०७९-००९।०१ गाउँपालिकाको प्रशासनिक भवनको शिलालेखको अनावरण गरी उद्घाटन गर्ने सम्बन्धमा।
२०७८।०७९-००९।०२ विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**निर्णय नं २०७८।०७९-००९।०१**

प्रस्ताव नं २०७८।०७९-००९।०१ को प्रस्ताव माथी छलफल गर्दा यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको प्रशासनिक भवन अभावको कारण गाउँपालिकाका अध्यक्ष एंव उपाध्यक्ष ज्यूबाट हुने दैनिक कार्यसंचालनमा बाधा आइपरेकोले हाल कार्य सम्पन्नको अन्तिम चरणमा निर्माणाधीन प्रशासनिक भवनको आज मितिः २०७९।०१।०५ गते सोमबारका दिन यस गाउँपालिकाको प्रशासनिक भवनको शिलालेख अनावरण यस गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूद्धारा गरी निर्माण सम्पन्न भएको अध्यक्ष र उपाध्यक्ष ज्यूको कार्यकक्ष रहने कोठाबाट कार्यसंचालन गर्ने गरी भवनको शिलालेख अनावरण गरी उद्घाटन स्थानीय निर्वाचन, २०७९ को आचारसंहिताको पूर्ण परिपालना गरी गर्ने निर्णय बैठकमा उपस्थित कार्यपालिका सदस्य ज्यूहरु लगायत सम्पूर्णको सर्वसहमतिबाट निर्णय गरियो ।

**निर्णय नं २०७८।०७९-००९।०२**

प्रस्ताव नं २०७८।०७९-००९।०२ माथी छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो।

१. गण्डकी प्रदेश अर्थ मन्त्रालय, पोखराको चलानी नं ५२१ मितिः २०७८।१२।०१ को अन्तरसरकारी वित्त हस्तान्तरणका लागि आयोजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धि पत्रानुसार तपसिल बमोजिम विशेष अनुदान र समपूरक अनुदानका ३।३ वटा आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम तपसिल बमोजिम छनोट गरी माग गर्ने निर्णय गरियो।

**क. विशेष अनुदानतर्फ**

| प्राथमिकताक्रम | योजनाको नाम | बजेट रु | समस्या | कैफियत |
|---|---|---|---|---|
| १ | पाण्डाखोला नियन्त्रण एंव तटबन्धन निर्माण योजना | १ करोड | कागवेनी जोमसोम सडकखण्ड अन्तर्गत पर्ने यस खोलामा वर्षेनी बाढी आइ सडक अवरुद्ध बनाई समस्या उत्पन्न भएको। | |
| २ | कागवेनी, झोङ, खिङ्गा र झारकोट सिँचाई मूल कुलो संरक्षण योजना | १ करोड | कागवेनी खोलामा आउने बाढीले वर्षेनी कागवेनी, झोङ, खिङ्गा र झारकोटको सिँचाई मूल कुलोमा क्षति पुगेकोले। | |
| ३ | रानीपौवा बजार (मुक्तिनाथ क्षेत्र) र कागवेनी बजार ढल व्यवस्थापन योजना | १ करोड | रानीपौवा बजार (मुक्तिनाथ क्षेत्र) र कागवेनी बजार ढल व्यवस्थापन हुन नसक्दा वर्षेनी बजार उच्च जोखिममा रहेको। | |

**ख. समपूरक अनुदानतर्फ**

| प्राथमिकताक्रम | योजनाको नाम | बजेट रु | समस्या | कैफियत |
|---|---|---|---|---|
| १ | मुस्ताङ गेटदेखि घ्याकर अधुरो सडक निर्माण योजना | १ करोड | गत आ.व.मा प्रदेश तथा गाउँपालिकाको बजेटबाट मुस्ताङगेट देखि घ्याकर जोड्ने नयाँ ट्रयाक खोलिएको भएतापनि योजना | |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पन्न हुन नसक्दा घ्याकरसम्म मोटरबाटोको पहुँच पुग्न नसकेको। | |
| २ | जननर्मल मा.वि.को छात्रावास निर्माण योजना | ५० लाख | गत आ.व.को प्रदेश सरकारबाट रु.२ करोड बजेट विनियोजन भएकोमा रु.७८ लाख मात्रको काम भई ढलान लगायतका कार्यहरु हुन नसकेकोले समस्या उत्पन्न भएको। | |
| ३ | १ लाख शालिग्राम सङ्ग्रहालय निर्माण योजना | १ करोड | पर्यटकीय स्थलको रुपमा यस गाउँपालिकालाई थप स्तरोन्नति गर्नको लागि। | |

२. यस गाउँपालिकाको नयाँ भवनका लागि आवश्यक पर्ने फर्निसिङका सामग्रीहरु खरिद गर्नको लागि आ.व.२०७८।७९ मा विनियोजित फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट बढीमा १० लाखसम्म खर्च गर्ने निर्णय गरियो।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०७८।१२।०४ चलानी नं ९६३ र निर्वाचन आयोग नेपालको मितिः २०७८।१२।०४ चलानी नं ४११ मार्फत स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतगणनास्थलका लागि सिसिटिभी जडान गर्ने भनी स्पेसिफिकेशन तोकेर आएकोले मतगणना कार्य सकिएपश्चात गाउँपालिकाले प्रयोग गर्न सकिने भएकोले आयोगले तोकेको स्पेसिफिकेशनअनुसार सिसिटिभी खरिद, पुँजीगत बजेट शिर्षक वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको खर्च शिर्षक कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद कार्यबाट गर्ने निर्णय गरियो।

४. स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लागि स्थापना हुने निर्वाचन अधिकृतको कार्यालय, यस गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवनका निर्माण सम्पन्न भईसकेका कोठाहरुबाट सञ्चालन गर्न दिने निर्णय गरियो।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

अध्यक्ष